बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
स्वस्थ्य निर्देशनालय
सिन्धुली अस्पताल सिन्धुली

# बोलपत्र आह्वानको गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३।०६।२३**

यस १०० शैयाको सिन्धुली अस्पताल परिसर भित्र रहेको चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न ईच्छुक नेपाली नागरिक तथा व्यवसायिक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले २१(एकाईस) दिन भित्र कार्यालय समयमा रु.३०००।- दस्तुर तिरी क्यान्टिन सञ्चालन सम्बन्धी प्रस्ताव फारममा संलग्न खाना/खाजाको परिकार र ईकाई अनुसारको बस्तु तथा सेवा के कती दररेटमा उपलब्ध गराउन सकिन्छ दररेट सहितको बोलपत्र २१औं दिनको १२:०० बजे भित्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोलपत्र खरिद गर्नका लागि निवेदकले कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।

१. बोलपत्र फारम राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २० औं दिन सम्म रु.३,०००।- (फिर्ता नहुने गरी) यस कार्यालयको कोड नं.३७००१२५०१३ कायम गरी राजश्व शिर्षक नम्बर १४२२९, राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०००१००२०००१०००० मा जम्मा गरेको भौचर संलग्न राख्नु पर्नेछ । बोलपत्रको साथ सूचनामा उल्लेखित गरिएको जमानत/धरौटी रकम मान्यता प्राप्त बैंकको नियमानुसारको बैंक जमानत (बिडवण्ड) वा कोष तथा लेखा नियन्त्रकको कार्यालयको रा.बा.बैंक, सिन्धुली शाखाको धरौटी हि.नं. १०६०१००२०२०३००० मा कार्यालय कोड नं. ३७००१२५०१३ मा दाखिला गरेको सक्कलै बैंक भौचर पेश गनुपर्नेछ ।
२. चमेना गृह भवन प्रयोग गरे बापत मासिक न्युनतम भाडा रु.४५,०००।- (पैतालिस हजार मात्र) पर्नेछ । सो रकम भन्दा बढी कबोल गर्न सकिनेछ ।
३. पिउने तथा खाना बनाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक आफैले गर्नुपर्नेछ ।
४. क्यान्टिनको लागि आवश्यक सम्पूर्ण सामाग्रीहरुको व्यवस्था सञ्चालक स्वयमले गर्नुपर्नेछ ।
५. क्यान्टिन संचालकले खाद्य स्वच्छताको आधारमा होटल रेस्टुरेन्ट स्तरिकरण गर्ने सम्बन्धी निर्देशिका २०७४ मा भएका व्यवस्थाहरुको आधारमा पूर्ण पालना गर्नु पर्नेछ । क्यान्टिन अधिकार प्राप्त निकाय र कार्यालयबाट समय समयमा क्यान्टिनको निरिक्षण गरिनेछ । निरिक्षण गर्दा क्यान्टिनबाट उपलब्ध गराईने खाद्य परिकारको परिमाण, गुणस्सतर एवं क्यान्टिन र वरपर सरसफाई सेवा प्रवाह सन्तोषजनक नभएको पाईएमा कार्यालयले निर्णय गरि जुनसुकै बखत हटाउन सक्नेछ ।
६. चमेनागृह सञ्चालन गर्ने क्रममा भवन टुटफुट भएमा सञ्चालक स्वयमले मर्मत तथा रंगरोगन गर्नुपर्नेछ ।
७. कारण जनाई वा नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ ।
८. विस्तृत जानकारीको लागि अस्पताल प्रशासन शाखामा ९८४१३५३९४२/९८५४०४२५७५ मा सम्पर्क राख्नुहोला ।

| सि.नं. | ठेक्का सूचना नं. | कार्य विवरण | जमानत /धरौटी रकम | बोलपत्र दस्तुर रु. | बोलपत्र दाखिला गर्ने मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | NCB-SH-08-083/084 | चमेना गृह (क्यान्टिन) सञ्चालन | १,३५,०००।- | ३,०००।- | (मिति २०८३।०७।१२ गते १२:०० बजेसम्म) | मिति २०८३।०७।१२गते २:०० बजे |